




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



चाडपर्व हाम्रा साँस्कृतिक पहिचान,
मद्यपान र जुवातास विकृतिका मुहान ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क २८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १८ गते बिहीबार ❑ 4 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## प्रेसलाई नियमन गर्ने हो, निरुत्साहित होइन: मन्त्री पौडेल

### प्रेस सेन्टर कास्कीको अध्यक्षमा कृष्ण दवाडी

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ कार्तिक**

शिक्षा तथा विज्ञान प्रविधिमन्त्री देवेन्द्र पौडेलले सञ्चार क्षेत्रका विद्यमान समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।



प्रेस सेन्टर नेपाल कास्कीको पाँचौं जिल्ला अधिवेशनको बुधबार पोखरामा उद्धाटन कार्यक्रममा उहाँले प्रेसलाई नियमन आवश्यक रहे पनि अंकुश लगाउन नहुने बताउनुभयो । प्रेसका समस्या हल गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै उहाँले भन्नुभयो, 'अहिले प्रेसका सम्बन्धमा ऐन, कानून र नियमनका कुरा उठेका छन् । कानूनभित्र रहने कुरालाई सबैले मान्नुपर्दछ । प्रेसलाई नियमन गर्नुपर्दछ तर अंकुश लगाउनुहुँदैन। यसको भूमिकालाई खुम्च्याउने, अपमानित गर्ने र निरुत्साहित गर्ने प्रवित्तिलाई रोक्नु आवश्यक छ।'

मन्त्री पौडेलले बलिदानी पूर्ण सङ्घर्षबाट स्थापित प्रेस सेन्टर नेपालले जनपक्षीय पत्रकारिता र अग्रगमनको अगुवाइ गर्न सक्नुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री मधुमाया अधिकारीले प्रदेश सरकारले सञ्चार क्षेत्रलाई प्राथमिकतामा राखेर खोप, पूर्वाधार र तालिमलगायतका सहयोग गर्दै आएको बताउनुभयो । कार्यक्रममा प्रेस सेन्टरका अग्रज कोमलनाथ बराल, गण्डकी प्रदेशका इञ्चार्ज त्रिभुवन पौडेल, प्रदेश संयोजक अर्जुन काफ्ले पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीलगायतले प्रेस स्वतन्त्रताका लागि सरकारले भूमिका खेल्नुपर्ने र प्रेसमैत्री कानून निर्माण गर्नुपर्ने बताउनुभयो । यसैगरी प्रेस सेन्टरको बुधबार सम्पन्न पाँचौं अधिवेशनले कृष्ण दवाडीको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा दीनानाथ बराल र महिला उपाध्यक्ष शोभा बराल, सचिव पुष्पराज दाहाल, सहसचिवमा सुरेशराज अधिकारी, सहसचिव (समावेशी) सविना राना थापामगर र कोषाध्यक्षमा सुशीला क्षेत्री चयन हुनुभयो ।

यसैगरी सदस्यमा श्रीभद्र पौडेल, बलराम तिमिल्सिना, रविनाथ दाहाल, शेरबहादुर खत्री, विवेक भण्डारी, लीलाचन्द्र अधिकारी सरोज, प्रकाशचन्द्र गिरी, खगेन्द्र अर्याल, प्रकाश अधिकारी र बाबुराम सुवेदी रहनुभएको छ।

यसैगरी पोखरा महानगर संयोजकमा शिवराज बस्ताकोटी 'शिवु दाइ', अन्नपूर्ण गाउँपालिका संयोजकमा श्रीभद्र पौडेल र रुपा गाउँपालिका संयोजकमा सुरेशराज अधिकारी रहनुभएको छ । अधिवेशनबाट केन्द्रीय प्रतिनिधिमा कोमलनाथ बराल, कुसुमकेशव पराजुली, नारायण भट्टराई, पदम रेग्मी, विश्वप्रकाश लामिछाने, विश्व सुवेदी, सन्देश श्रेष्ठ, निर्मला न्यौपाने, कृष्णमाया पोखरेल, रोशनी गुरुङ र दीपक परियार चयन हुनुभयो।

यसैगरी प्रदेश प्रतिनिधिमा घनश्याम पाण्डे, विमल आचार्य, सविन जिसी, सुनिल पाण्डे, कमल गौली, कुमारी बुढा, राजेन्द्र खत्री, सन्तोष परियार, विनु थापामगर, लक्ष्मण भण्डारी, सपना विक र लक्ष्मी सुनार चयन हुनुभएको निर्वाचन समितिका सदस्य शिव सुनारले जानकारी दिनुभयो।

## सामुदायिक सेवा केन्द्रका लागि करोडौं दान

**पोखरापत्र संवाददाता**
**लमजुङ, १७ कार्तिक**

लामो समय अमेरिका बसेका महेन्द्रराज वाग्लेलाई थाहा थियो युरोप अमेरिकातिर सामुदायिक सेवा केन्द्रले निकै प्रभावकारी काम गर्दै आएका छन्।

जन्मथलो लमजुङको दुई पिप्लेमा महेन्द्रकै दाजु केशवराज सामुदायिक सेवामा खटिएका थिए। समाजसेवामा लगाव भएका महेन्द्रले दाजुकै अभियानमा बल पुऱ्याउन २०७४ सालमा सामुदायिक प्रहरीलाई साढे ४ आना र प्रहीलाई १० आना जग्गा पास गरेरर दिए।

जग्गा पास गरिदिएर मात्र उनको चित्त बुझेन । सामुदायिक प्रहरी सेवा केन्द्रको भवन बनाइदिने रहर उनमा जाग्यो। सुरुमा १ तले भवन बनाउने सुरु गरेकामा ४ तला पुग्यो। दमौली भोर्लेटार सडक खण्डसँगै जोडिएको उक्त ठाउँको जग्गाको भाउ अहिले छोइसक्नु छैन । तर महेन्द्रलाई त्यो मूल्यले छोएन । पुष्पलता बहुमुखी क्याम्पस, साना किसान सहकारी, आमा समूह, उद्योग वाणिज्य संघ, मठमन्दिर, बाटोघाटोका लागि पनि उनले मन खोलेर सहयोग गरेका छन्। उनले भने, 'समाजसेवामा नै आनन्द छ, अमेरिकामा रहँदा पनि धेरै समय



बाँकी अन्तिम पृष्ठमा ▶▶

## औद्योगिक क्षेत्र निर्माणका लागि सबैको सहयोग अपरहार्य: मन्त्री कँडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ कार्तिक**

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले कास्कीको पुडिटार र तनहुँको तालबेँसी क्षेत्रमा बन्न लागेको औद्योगिक क्षेत्र निर्माणका लागि सबैको सहयोग आवश्यक भएको बताउनुभएको छ।



प्रादेशिक औद्योगिक क्षेत्र निर्माण गर्न लागिएको पोखरा महानगरपालिका-३३ पुडिटार र शुक्लाण्डकी नगरपालिका-९ को तालबेँसी क्षेत्रको आज स्थलगत निरीक्षण एवं सरोकारवालासँग अन्तर्क्रिया गर्दै उहाँले औद्योगिक क्षेत्र निर्माणसँगै यहाँका स्थानीयका लागि रोजगार अभिवृद्धि हुने र आर्थिक गतिवधि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

औद्योगिक क्षेत्र निर्माणमा जग्गा प्राप्तिलगायतका विषयका साथै स्थानीय समस्यालाई आपसी संवादका माध्यमबाट व्यावहारि करुपमा समाधान गर्ने कुरामा आफूहरू प्रतिबद्ध भएको उहाँले बताउनुभयो । शुक्लागण्डकी नगरपालिकाकाप्रमुखकिसानगुरुङले प्रदेश गौरवको आयोजनाका रुपमा रहेको औद्योगिक क्षेत्र निर्माणका लागि देखिएका समस्यालाई समाधान गर्दै अघि बढ्ने बताउनुभयो।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले जग्गा प्राप्तिलगायतमा देखिएका समस्या समाधान गर्नेतर्फ सबैको साथ र हसयोग आवश्यक हुने बताउनुभयो । कार्यक्रममा शुक्लागण्डकी नगरपालिका-९ का वडाध्यक्ष लोकनारायण श्रेष्ठ, पोखरा महानगरपालिका-३३ का वडाध्यक्ष शिवप्रसाद आचार्य, तनहुँका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यलगायतले औद्योगिक क्षेत्र निर्माणका लागि सबैले आआफ्नातर्फबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

उक्त अवसरमा पोखरा-३३ पुडिटारका स्थानीयवासी देवीराम सुनार, यामबहादुर विकलगायतले वर्षौंदेखि स्थानीय भुलभुला आधारभूत विद्यालयसँग किनेर आफूहरूले भोगचलन गर्दै आएको जग्गाका सम्बन्धमा न्यायोचित सम्बोधन हुनुपर्ने बताउनुभयो।

## 'पुस्तकालयले चेतना जगाउने काम गरेको छ'

**पोखरापत्र संवाददाता**
**दमौली, १७ कार्तिक**

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पुस्तकालयले चेतना जगाउने काम गरेको बताउनुभएको छ । तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जन पुस्तकालयको ४२औं वार्षिकोत्सव समारोहमा अध्यक्ष तिमिल्सिनाले पुस्तकालयले विभिन्न कालखण्डमा मानवअधिकार, प्रजातन्त्र, बहुदलीयताबारेमा चेतना जगाउन सफल भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "त्यतिबेलाका शासकले पुस्तकालयलाई बन्द गराउने कामसमेत गर्थे। ती बेला पुस्तकालयले राजनीतिकर्मी, कवि लगायतलाई सचेत पनि बनाएको थियो।" तिमिल्सिनाले पुस्तकालयलाई परिमार्जन गरेर इलाइब्रेरी बनाउनुपर्ने धारणा राख्नुभयो।यसैबीचजनपुस्तकालयले वार्षिकोत्सवका अवसरमा आयोजना गरेको फुटबल प्रतियोगिताको उपाधि जन पुस्तकालयले जितेको छ । फाइनल खेलमा डिजी लिङ्क दुलेगौडालाई १-० गोल अन्तरले पराजित गर्दै आयोजकले उपाधि जितेको हो।

खेलको पहिलो हाफ बराबरीमा सकिएको थियो । घरेलु मैदानमा भएको खेलको दोस्रो हाफमा जीवन गुरुङले गरेको गोल नै जनपुस्तकालयको जीतका लागि निर्णायक बनेको हो। उ

पाधिसँगै जन पुस्तकालयले नगद रु ३३ हजार र उपविजेताले रु २२ हजार नगद प्राप्त गरेको छ । विजेतालाई राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिम्लिसिना, शुक्लागण्डकी नगरपालिकाकी उपप्रमुख सविता रसाइलीले पुरस्कार वितरण गर्नुभयो।

## एमालेको महाधिवेशन तयारी: उद्घाटन सत्रमा विदेशी पाहुनालाई निमन्त्रणा

**रासस**
**काठमाडौं, १७ कार्तिक**

नेकपा (एमाले) ले दशौं राष्ट्रिय महाधिवेशनको तयारीलाई तीव्रता दिएको छ भने उद्घाटन सत्रमा सहभागिताका लागि विदेशी पाहुनालाई निमन्त्रणा दिएको छ।

सो पार्टीले पार्टीसँग भाइचारा तथा मैत्रीपूर्ण सम्बन्ध रहेका पार्टी र दक्षिण एसियाका सत्तारुढ एवं विपक्षी दलका प्रतिनिधिलाई आमन्त्रण गरेको जनाएको छ ।आगामी मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुने सो महाधिवेशनको पूर्वसन्ध्यामा बुधबार एमाले केन्द्रीय प्रचार विभागले आयोजना गरेको पत्रकार सम्मेलनमा आइक्यापका (आइसिएपीपी) का स्थायी कमिटीका सदस्यहरूलाई पनि निमन्त्रणा गरिएको विभागका प्रमुख योगेश भट्टराईले जानकारी दिनुभयो। कार्यक्रममा मुलुकका राष्ट्रिय राजनीतिक दलका प्रमुखलाई पनि निमन्त्रणा गरिनेछ । निमन्त्रणा गरिएका विदेशस्थित पार्टीबाट सकारात्मक सन्देश प्राप्त भएको जनाउँदै उहाँले नेपालस्थित कूटनीतिक निकायका प्रमुखलाई पनि निमन्त्रणा गरिएको छ।

नेपालको मध्यभाग र पर्यटकीय गन्तव्यमा मानिने चितवनमा हुने महाधिवेशानले मुलुकको राष्ट्रिय राजनीतिलाई सकारात्मक दिशा दिने पार्टीका सचिव भट्टराईले बताउनुभयो । मङ्सिर १० गते भरतपुरस्थित नारायणी नदीको मैदानमा जनसमुदायको उपस्थितिमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको बताइएको छ । उद्घाटनस्थलमा अहिले सम्याउने र खाल्डाखुल्डी पुर्नेलगायतका काम भइरहेको छ भने बन्दसत्र सौराहास्थित हात्तीसारमा गर्ने गरी संरचना निर्माण गरिएको छ। प्रतिनिधिलाई बसोबासका लागि सौराहास्थित होटलमा व्यवस्था गरिएको छ । सचिव भट्टराईले विधान महाधिवेशनमा प्रस्तुत प्रतिवेदन र विधान संशोधन प्रस्ताव सर्वसम्मतरूपमा पारित गरेकाले पार्टीलाई महाधिवेशनले थप एकताबद्ध र सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "प्रस्तुति र जोडकोणमा नेताहरूका केही भिन्नता होलान् र आमरूपमा पार्टीको विचार, नीति र विधानका सम्बन्धमा अब कुनै अन्योल छैन ।" पत्रकारको जिज्ञासाका क्रममा नेता भट्टराईले एमाले मुलुकको लोकतान्त्रिक आन्दोलन र उपलब्धिको प्रमुख हिस्सेदार रहेको उल्लेख गर्दै वर्तमान सत्ता गठबन्धनले लोकतन्त्र र संविधानको सही कार्यान्यनका क्रममा चुनौती खडा गरेको आरोप लगाउनुभयो । अर्को प्रश्नको जवाफमा उहाँले एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) पहिचान स्थापित भइनसकेको पार्टी भएकाले त्यसलाई आमन्त्रण गरिरहनुनपर्ने स्पष्ट गर्नुभयो।

नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिनको प्रयोग गरिनेछ भने गत असोजमा सम्पन्न विधान महाधिवशेनले पारित गरेका विभिन्न प्रतिवेदन र विधान संशोधनका दस्तावेज प्रकाशन गरी वितरण गरिने प्रचार विभागका उपप्रमुख सूर्य थापाले जानकारी दिनुभयो । विधान महाधिवेशनले पारित गरेको नयाँ विधानको व्यवस्था अनुसार दशौं राष्ट्रिय महाधिवेशनले अध्यक्ष, वरिष्ठ उपाध्यक्षसहित पाँच जना उपाध्यक्ष, महासचिव, उपमहासचिव र ७ सचिव गरी १५ जना पदाधिकारीसहितको २२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्नेछ । एक तिहाइ महिलासहित नेपालको

बाँकी अन्तिम पृष्ठमा ▶▶




# सहारा एकेडेमीको जिम्मा व्यावसायिक घराना सूर्यबहादुर केसी परिवारले लिने

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

सहारा एकेडेमीलाई पोखराको व्यावसायिक घराना सूर्यबहादुर केसी परिवारले वार्षिक १५ लाखका दरले १० वर्ष सहयोग गर्ने भएको छ।

पोखरामा बुधबार एक कार्यक्रमका बीच स्व.केसीकी धर्मपत्नी प्रेम कुमारी केसी, छोराहरु प्रकाश केसी, किरण केसी र रोशन केसीको उपस्थितीमा सहारा क्लवका अध्यक्ष हरि गुरुङबीच सम्झौता पत्रमा हस्ताक्षर भएको हो। एकेडेमीको जिम्मेवारी लिएसँग सहारा क्लब एकेडेमीको नाम समेत परिवर्तन गरिएको छ। क्लबसँग दशवर्षे सम्झौता गर्दै 'सुर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमी' नामाकरण गरिएको छ। सम्झौता अनुसार वार्षिक केसी परिवारले एकेडेमीको लागि वार्षिक १५ लाख रुपैयाँ दिने सहमती पत्रमा उल्लेख गरीएको छ।



सम्झौता आदान प्रदान कार्यक्रममा वोल्दै केसीका छोरा तथा यूवा उद्योगपती प्रकाश केसीले सहारा संग आफ्ना वुवाको संस्थागत निकटता र सवैलाई मायाको दृष्टिकोणले हेर्ने भएकोले पनि परिवारले एकेडेमीको सञ्चालनका लागि सम्झौता गरेको बताउनु भयो।

हिमश्री फुड्सका निर्देशक किरण केसीले आफ्नो वुवाको नाम सहारा एकेडेमी सँग जोडिन पाउँदा निकै गौरव लागेको बताउनु भयो। अर्को छोरा रोशन केसीले आफ्नो वुवाको काम र विचारलाई स्थापित गर्ने सँगै जिवन्त बनाई राख्न सहारा एकेडेमी सँग जोडिएको बताउनु भयो। उहाँले अवसरमा भविष्यमा समेत सहाराका हरेक कार्यमा हातेमालो गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त समेत ब्यक्त गर्नु भयो। सहयोग दाताको भरमा सन्चालन हुँदै आएको एकेडेमीमा पहिलो पटक ठूलो राशीको सहयोग केसि परिवारले गरेको हो। एकेडेमीमा १४ जिल्लाका २४ जना कठिन परिस्थितिका बालकहरु आश्रित रहदै आएको क्लवका अध्यक्ष हरि गुरुङले वताउनु भयो। सयोगले उनीहरुको शिक्षा दीक्षा सहित फुटबल प्रशिक्षण एकेडेमीले खर्च गर्नेछ। हालसम्म सहारा युके, सहारा हङकङ र सहारा अष्ट्रेलियाबाट सहयोग पठाउने गरिएको थियो।

एकेडेमी चलाउनकै लागि क्लवले आहा रारा गोल्डकप आयोजना गर्दै आएको छ। सहारा क्लबले आयोजना गर्दै आएको आहारारा गोल्डकपको २० औं संस्करण माघ ६ देखि सुरु हुने अध्यक्ष गुरुङले बताए। हिमश्री फुड्सको उत्पादन आहा रारा चाउचाउको नाममा केसी परिवारले फुटवल प्रतियोगिताको मुख्य प्रयोजन समेत गरेको छ। सहारा क्लवले आफैले जग्गा खरिद गरेर दोविल्लामा एकेडेमी सन्चालन गरेको छ।

# पोखरा म्याराथनको विजेतालाई चार लाख

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

पोखरा अन्तर्राष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले पुरस्कार राशिमा शतप्रतिशत वृद्धि गरेको छ भने सुजल डेरीको उत्पादन सफल दूधले मुख्य प्रायोजनका लागि निरन्तरता दिने दिएको छ।

मञ्चद्वारा बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत खुल्ला ४२.१९५ किमी म्याराथनतर्फ प्रथम पुरस्कार चार लाख नगद पुऱ्याइएको घोषणा गरिएको हो। यो पुरस्कार राशि गत वर्षको भन्दा दोब्बर हो। आगामी फागुन १९ गते पोखरामा आयोजना हुने १६औं संस्करणको पोखरा म्याराथनतर्फ हुने सबै २१ किमी महिला हाफ म्याराथनबाहेक महिला पुरुष १० किमी र छात्रछात्रा पाँच किमी, ह्विल चियर तथा दृष्टिविहीन दौडतर्फ गत वर्षको तुलनामा पाँच/पाँच हजार रुपैयाँ राशिमा वृद्धि गरिएको हो। नेपालको म्याराथन इतिहासमा नै पोखरा म्याराथनमा पुरस्कार चार लाख पुऱ्याइएको दाबी गर्दै मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले ४२.१९५ किमीतर्फको दोस्रो पुरस्कार दुई लाख, तेस्रो हुनेले एक लाख र सान्त्वनातर्फ ३० हजार रुपैयाँ प्राप्त गर्ने जानकारी दिनुभयो।

सबै विद्यातर्फ गरी कूल २८ जना पुरस्कृत हुनेछन्। पुरस्कार राशि वृद्धि गरिएको बताउँदै उहाँले भन्नुभयो, "गत वर्ष पुरस्कार राशि कूल आठ लाख रहेकामा यो वर्ष सबै विद्यागत रूपमा बढाउँदा १२ लाख ३० हजार पुऱ्याएका छौं।" पुरस्कार राशिमा वृद्धिले दक्षिण एसियाली देशका धावकसँगै अन्य अन्तर्राष्ट्रिय धावकहरूलाई आकर्षण गर्न सहयोग पुग्ने धारणा अघि सार्दै मञ्चका अध्यक्ष पराजुलीले भन्नुभयो, "म्याराथनको माध्यमबाट पोखरालाई विश्वमा परिचित गराउन सफल हुने विश्वास लिएका छौं।" आगामी तीन वर्षमा पोखरा म्याराथनलाई म्याराथनहरूको अन्तर्राष्ट्रिय छाता संस्था 'एम्स'मा दर्ता गराउने योजनासँगै प्रथम पुरस्कार राशि १० लाख पुऱ्याउने लक्ष्यका साथ अघि बढेको बताउँदै उहाँले अभियान पूरा गर्न सङ्घ, प्रदेश, स्थानीय सरकार र प्रायोजक सङ्घसंस्थाहरू र सरोकारवालाहरूको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। पोखराको प्रतिष्ठित घराना लक्ष्मी ग्रुप अन्तर्गतको उद्योग सुजल डेरीको मुख्य उत्पादन सफल दूधले पोखरा अन्तर्राष्ट्रिय म्याराथनलाई मुख्य प्रायोजनको भूमिकालाई निरन्तरता दिएको छ। विगत ६ वर्षदेखि निरन्तर रूपमा पोखरा म्याराथनसँग सहकार्य गर्दै आएको सफल दूधले आगामी तीन वर्षका लागि मुख्य प्रायोजकका रूपमा सम्झौता गरेको छ। उद्योगका निर्देशक सुनिल श्रेष्ठ र मञ्चका अध्यक्ष पराजुलीले सम्झौतापत्र आदानप्रदान गर्नुभएको थियो।

सो अवसरमा उद्योगका निर्देशक श्रेष्ठले पोखरा म्याराथनसँग सम्झौता गर्न पाउनु सुखद रहेको बताउँदै पोखरालाई म्याराथनको माध्यमबाट विश्वमा परिचित गराउँदै खेलकुद पर्यटनको राजधानीका रूपमा स्थापित गर्न उद्योगले सहयोग गर्दै आएको बताउनुभयो।

कार्यक्रममा मञ्चका निवर्तमान अध्यक्ष तथा प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्यसचिव तेजबहादुर गुरुङले पोखरालाई मात्रै नभई गण्डकीलाई दौडको प्रदेशको रूपमा स्थापित गर्न परिषदले आफ्ना कार्यक्रमहरू तय गरेको जानकारी दिनुभयो। पोखरा म्याराथन सफल बनाउन विदेशमा भएका संस्था पोखरेली मञ्च युके, तमु धि युके, एआरएनए युके, हङकङ, अमेरिकालगायत विभिन्न देशमा छरिएर रहेका नेपालीहरूको महत्वपूर्ण भूमिकाप्रति आभार प्रकट गर्दै पोखरा म्याराथन जेठो म्याराथनको रूपमा स्थापित भए पनि अझै चुनौतीहरू रहेको उहाँको भनाइ छ। मेजर दिलबहादुर गुरुङको संयोजकत्वमा खड्गबहादुर रानाभाट, अशोक पालिखे, योगेन्द्रबहादुर बस्नेत, जयराम हमाल, जगनबहादुर गुरुङ, खेमबहादुर गुरुङ, मञ्जुलमान श्रेष्ठ, शम्भु कार्की, तिलक केसी, महेश गुरुङ, गणेशबहादुर भट्टराई, नारायण कार्की, प्राडा वीरेन्द्रसिंह गुरुङ र खेमबहादुर गुरुङ रहनुभएको १४ सदस्यीय सल्लाहकार समितिको पनि घोषणा गरिएको थियो।

## एमाले...

सामाजिक र वर्गीय विविधताको प्रतिनिधित्व हुने गरी केन्द्रीय कमिटी समावेशी हुनेछ। यसैगरी महाधिवेशनले १५ सदस्यीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगको पनि चयन गर्नेछ। विधान महाधिवेशनले पारित गरेका राजनीतिक, साङ्गठानिक तथा विधानसम्बन्धी व्यवस्थाको बुझाइमा एकरुपता कायम गर्दै तिनको वैचारिक, राजनीतिक तथा साँगठानिक जगमा पार्टीलाई थप सुदृढ र एकताबद्ध गर्न दशौं राष्ट्रिय महाधिवेशनले ठोस् रूपमा मार्गदर्शन गर्ने जारी विज्ञप्तिमा जनाइएको छ।

महाधिवेशनका प्रतिनिधिको निर्वाचन आगामी कात्तिक २७ गते देशैभरि एकसाथ देहाय बमोजिम गरिनेछ भने बाँकी रहेका स्थानीय तह र वडास्तरका अधिवेशन यही कात्तिक २५ गतेभित्र सम्पन्न गर्न पार्टीले निर्देशन दिएको छ। पार्टीले केन्द्रीय सल्लाहकार परिषद्का पदाधिकारी समेत सदस्यमध्येबाट निर्वाचित हुने १५ जना प्रतिनिधि, सल्लाहकार परिषदका अन्य सदस्य राष्ट्रिय महाधिवेशनमा सहभागी हुने तर उहाँहरूलाई मताधिकार नहुने प्रबन्ध गरेको छ।

प्रदेश र सो सरहका कमिटीका पदाधिकारी र सदस्यमध्येबाट कम्तीमा दुई महिलासहित पाँचजनाका दरले निर्वाचित हुने प्रतिनिधि, प्रतिनिधिसभा निर्वाचन क्षेत्र अन्तर्गतका १२०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले निर्वाचित हुने प्रतिनिधि, सो सङ्ख्यामा ८०० सम्म सदस्य थप भएमा थप एक जना, १६०० सम्म सदस्य थप भएमा थप दुईजना, २४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा निर्वाचित हुने प्रतिनिधि तथा तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एक जना महिला अनिवार्य हुनेछन्।

देशभित्रका विशेष जिल्ला अन्तर्गतका १२०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले निर्वाचित प्रतिनिधि हुनेछन्। सो सङ्ख्यामा ८०० सम्म सदस्य थप भएमा थप एकजना, १६०० सम्म सदस्य थप भएमा थप दुईजना, २४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा निर्वाचित प्रतिनिधि हुनेछन्। तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एकजना महिला अनिवार्य हुनेछन्।

देशभित्रका जिल्ला र विशेष जिल्ला अन्तर्गतका ५०० सम्म दलित पार्टी सदस्यमध्येबाट निर्वाचित हुने एक जना प्रतिनिधि र सो सङ्ख्यामा ५०० सम्म सदस्य थप भएमा थप एकजना, १००० सम्म सदस्य थप भएमा थप दुई जना, १५०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा दलित प्रतिनिधि निर्वाचित हुनेछन्। तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एकजना महिला अनिवार्य हुनेछन्। यस्तै भूगोलका प्रदेश अन्तर्गतका मजदूर पार्टी सदस्यमध्येबाट कम्तीमा तीन महिलासहित सातजनाका दरले निर्वाचित हुने प्रनितनिधि, भारत, अमेरिका (क्यानडा समेत), युरोप, एशिया प्यासिफिक, खाडी र ओसियानामध्ये प्रत्येकका पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित हुने प्रतिनिधिलाई आधार मानिनेछ। पार्टीका केन्द्रीय विभाग र केन्द्रीय कार्यालय अन्तर्गतका पार्टी सदस्यबाट निर्वाचित हुने कम्तीमा दुई महिलासहित पाँचजना प्रतिनिधि। विभागका सचिव र सदस्य विभाग र केन्द्रीय कार्यालय वा आफ्नो पार्टी सदस्यता कायम रहेकोमध्ये कुनै एक स्थानबाट उम्मेदवार बन्न सक्नेछन्।

स्वदेशका २२ जनङ्गठनका केन्द्रीय कमिटीमा कार्यरत पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित प्रतिनिधि गरी कूल एक हजार ९९९ प्रतिनिधि रहनेछन्।

महाधिवेशनको मूल व्यवस्थापन समितिको कार्यालय भरतपुरस्थित नेकपा (एमाले) को जिल्ला पार्टी कार्यालयमा अध्यक्ष केपी शर्मा ओलीले कात्तिक १५ गते शुभारम्भ गरिसक्नुभएको छ। र, त्यहींबाट आवश्यक तयारी कार्यको संयोजन भइरहेको छ। तिहार लगत्तै सौराहामै उक्त कार्यालय पनि सार्ने योजना रहेको छ

## सामुदायिक...

र रकम समाजसेवामै खर्चेको छु।' आफ्नो कमाइको केही मात्र दान गर्नुपर्छ भन्ने प्रेरणाबाट आफू प्रेरित भएको भनाइ उनले राखे।

मध्यनेपाल नगरपालिका-४ दुइपिप्लेस्थित सामुदायिक प्रहरी सेवा केन्द्रको ४ तले, १४ कोठे भवनका लागि १ करोड २५ लाख रुपैयाँ लागेको छ। यसको खर्च पनि उनै महेन्द्रले बेहोरो। त्यही भवनको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गरेरका छन्।

मुख्यमन्त्री पोखरेलले सरकारले गरेर मात्र विकास सम्भव नहुने भन्दै निजी र सामुदायिक क्षेत्र पनि क्रियाशील रहनुपर्ने भनाइ राखे। उनले प्रदेश सरकार नागरिकको अभिभावक हुने गरी काम गरिरहेको बताए। कोभिड-१९ संक्रमणबाट अभिभावक गुमाएका बालबालिकालाई प्रदेश सरकारले अभिभावकत्व ग्रहण गर्ने गरी बजेट र नीति तथा कार्यक्रम ल्याएको जानकारी उनले गराए।

मुख्यमन्त्री पोखरेलले कोरोना महामारीमा ज्यान गुमाएका परिवारलाई ५० हजार रुपैयाँ र दुवै अभिभावक गुमाएका बालबालिकाको पठनपाठनका लागि प्रदेश सरकारले मासिक ५ रुपैयाँ दिने निर्णय गरेको बताए। नागरिकको जनताको स्वास्थ्यलाई विषेश प्राथमिकतामा राख्दै प्रदेश सरकारले स्तन र पाठेघरको मुखको क्यान्सर उपचारलाई निशुल्क गर्ने घोषणा गरेको उनको भनाइ थियो। नागरिकको शिक्षा, स्वास्थ्य, सडकलगायतका क्षेत्रमा सरकारले काम गर्दै आएको उल्लेख गर्दै उनले नागरिकको मन प्रदेश सरकार जितेको दाबी गरे। कार्यक्रममा शिक्षा, सस्कृति, विज्ञान तथा प्रविधि एवं सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा, बिना विभागीय मन्त्री डोबाटे विश्वकर्मा, राजनीतिक विश्लेषक अरुण सुवेदी, कांग्रेसका युवा नेता लक्ष्नु थापा, जनप्रतिनिधि र स्थानीय अगुवाले भनाइ राखेका थिए। भवन निर्माण समिति अध्यक्ष केशवराज वाग्लेका अनुसार दुईपिप्ले प्रहरीचौकीको सेवा समेत उक्त भवनबाट प्रदान गरिनेछ। कार्यक्रममा जग्गादाता महेन्द्रराज वाग्ले, पत्नी शोभा न्यौपाने, छोरी मनषा वाग्ले, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काफ्ले, मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला, प्रदेश सभा सदस्यहरु विष्णुप्रसाद लामिछाने, सरीता गुरुङ, प्रदेश प्रमुख सचिव डा. दामोदर रेग्मी, प्रदेश प्रहरी प्रमुख दिवेश लोहनीसहित सहभागी थिए।

# अध्यक्ष ओलीद्वारा महाधिवेशन उद्घाटनस्थल निरीक्षण

रासस
चितवन, १७ कार्तिक

नेकपा (एमाले) को १० औँ महाधिवेशन उद्घाटनस्थलको अध्यक्ष केपी शर्मा ओलीले निरीक्षण गर्नुभएको छ।

बुधबार उहाँसहित जिल्लाका नेता तथा कायकर्ताले महाधिवेशन उद्घाटनस्थलको स्थलगत निरीक्षण गर्नु भएको हो। उहाँले नारायणी किनारको जनसहभागिताको क्षमता, सुरक्षा, सवारी पार्किङलगायतका विषयमा चासो व्यक्त गर्नुभएको थियो। यो ठाउँ बाहेक जिल्लामा विकल्पका बारेमा पनि उहाँले जिज्ञासा राख्नुभएको थियो।

सो क्रममा नेकपा केन्द्रीय सदस्य काशीनाथ अधिकारी, प्रदेशसभा सदस्य जेएन थपलिया, प्रदेश सदस्य कृष्णभक्त पोखेल, एमाले जिल्ला अध्यक्ष पार्वती रावललगायतले यहाँको बारेमा अध्यक्ष ओलीलाई जानकारी गराउनुभएको थियो। केन्द्रीय सदस्य अधिकारीले पश्चिमबाट आउने सवारीलाई गैँडाकोटमा, पूर्वबाट आउने सवारीलाई केन्द्रीय बस टर्मिनल भरतपुरमा र उत्तर तर्फबाट आउने सवारीलाई आँपटारीमा पार्किङको व्यवस्था गर्न सकिने बताउनुभयो।

उहाँले नदी किनारमा व्यवस्थापन गरेर पाँच लाख हाराहारी सहभागी हुनसक्ने जानकारी दिनुभयो। नेकपा (एमाले)को १०औँ महाधिवेशन मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुँदै छ। उद्घाटन सत्रमा एमालेले पाँच लाख जनता उतार्ने योजना बनाएको छ। उद्घाटन सत्र नारायणी नदी किनार र बन्द सत्र सौराहामा गर्ने कार्यक्रम तय भएको छ। यस स्थानको अध्ययनका लागि केन्द्रको थप टोली केही दिनमा आउने एमाले चितवनले जनाएको छ।

# नेपाललाई बेलायतको 'बेस्ट रेस्पोन्स टु दि प्यानडेमिक' गोल्ड अवार्ड

रासस
चितवन, १७ कार्तिक

कोभिड महामारीको समयमा अलपत्र विदेशी पर्यटकको खोज उद्धारमा उत्कृष्ट कार्य गरेको भन्दै नेपालले बेलायतबाट 'बेस्ट रेस्पोन्स टु दि प्यानडेमिक' गोल्ड अवार्ड प्राप्त गरेको छ।

महामारी नियन्त्रणका लागि गरिएको बन्दाबन्दीको समयमा नेपालका विभिन्न गन्तव्यमा अड्किएका विदेशी पर्यटकको उद्धारमा सक्रियता देखाएबापत नेपालले विश्व चर्चित वन्डरलस्ट म्यागजिनले मङ्गलबार बेलायतको किन्सिङ्टन प्यालेस गार्डनमा आयोजना गरेको कार्यक्रममा नेपाललाई यो पुरस्कार प्रदान गरिएको नेपाल पर्यटन बोर्डले जनाएको छ।

लण्डनमा आयोजित वर्ल्ड ट्राभल मार्ट (डब्लुटिएम) को अवसरमा एक समारोहका बीच उक्त अवार्ड संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेलाई हस्तान्तरण गरिएको थियो। सो अवार्डका लागि नोमिनेशन भएका नौवटा मुलुकलाई उछिन्दै नेपालले अवार्ड पाएको हो। पर्यटनमन्त्री आले, पर्यटन मन्त्रालयका सचिव यादवप्रसाद कोइराला, बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मी र छवटा नेपाली पर्यटन व्यवसायी कम्पनी सन् २०२१ नोभेम्बर १ देखि ३ सम्म आयोजना भएको डब्लुटिएममा सहभागी भएको बोर्डले बुधबार विज्ञप्तिमार्फत जनाएको छ।

बन्दाबन्दीको समयमा बोर्डले स्ट्रयान्डेड इन नेपाल अनलाइन अभियान सञ्चालन गरी कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी), जिल्ला प्रशासन कार्यालय, पर्यटक प्रहरी, स्थानीय तह तथा पर्यटनसँग सम्बन्धित सङ्घ संस्थाको समन्वयमा नेपालका विभिन्न ३३ वटा गन्तव्यमा अलपत्र परेका एक हजार ७२१ जना विदेशी पर्यटकलाई उद्धार गरेको थियो। यस्तै बोर्डले नेपालस्थित विभिन्न कूटनीतिक नियोगसँगको समन्यवमा रिपाट्रिएशन फ्लाइटमार्फत करिब पाँच हजारभन्दा विदेशी पर्यटकलाई स्वदेश फिर्ता गर्न सहयोग गरेको थियो। यसैबीच वर्ल्ड ट्राभल मार्ट (डब्लुटिएम) मा बोर्डका कार्यकारी प्रमुख डा रेग्मी कोभिडको समयमा नेपालले गरेका कार्य तथा त्यसपछि नेपालको समग्र पर्यटनको अवस्थाका बारेमा विश्व चर्चित मिडिया बीबीसी, सीएनएन, लोन्ली प्यानेट र वन्डरलस्ट म्यागेजिनका सञ्चारकर्मी तथा अन्य पर्यटन क्षेत्रका विज्ञसँग छलफलमा सहभागी हुनुभएको थियो भने डब्लुटिएम चाइना फोरमले आयोजना गरेको अन्तर्क्रियामा समेत सहभागी हुनुभएको थियो।

सो अवसरमा डा रेग्मीले कोभिडपछि नेपालले विभिन्न स्वास्थ्य तथा सुरक्षाको मापदण्ड तयार गरेको र सोही मापदण्डका आधारमा विदेशी पर्यटक आगमन खुला गरेको जानकारी दिनुभयो। गत वर्ष कोरोना सङ्क्रमणका कारण भर्चुअल माध्यमबाट आयोजना गरिएको डब्लुटिएममा यस वर्ष भने विश्वभरका १५० देशको सहभागिता रहेको छ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नेपाली साहित्यका महाकवि देवकोटाको ११३ औँ जन्मजयन्ती

रासस
काठमाडौं, १७ कार्तिक

नेपाली साहित्यका विराट प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११३औँ जन्मजयन्ती आज स्वदेश र विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ।

महाकवि देवकोटाको जन्म विसं १९६६ मा कार्तिक कृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन काठमाडौँको डिल्लीबजारमा भएको थियो। दश वर्षको उमेरमा कविता लेख्न सुरु गर्नुभएका देवकोटाका थुप्रै महाकाव्य, खण्डकाव्य, निबन्ध, कथा, नाटक, उपन्यास, गीत, समालोचना र फुटकर कविता प्रकाशित छन्। उहाँले नेपाली साहित्यलाई सयभन्दा बढी कृति दिनुभयो। यी कृतिका माध्यमबाट देवकोटाले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउनुभयो। नेपाली साहित्यमा आधुनिक महाकाव्य लेखनको थालनी गर्नुभएका देवकोटाको 'मुनामदन' खण्डकाव्य नेपाली भाषामा प्रकाशित हालसम्म



सबैभन्दा बढी बिक्री भएको पुस्तक हो। नेपाली साहित्यमा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवर्तक देवकोटाका रचनामा मानवतावाद, प्रकृतिप्रेम र क्रान्तिकारिता झल्कन्छ। उहाँका सिर्जनामा पूर्वीय र पाश्चात्य दर्शनको संयोजन पाइन्छ।

भारतका महापण्डित राहुल साङ्कृत्यायनले देवकोटा एक्लैलाई भारतका महाकवि सुमित्रानन्दन पन्त, जयशङ्करप्रसाद र सूर्यकान्त निरालाको संयुक्त रूपसँग तुलना गर्नुभएको थियो भन्ने मान्यता छ। नाट्यसम्राट बालकृष्ण समले देवकोटा 'मुनामदन', 'शाकुन्तल' महाकाव्य र 'पागल' कवितासँगै तीनपटक जन्मेको बताउनुभएको थियो।

विदेशी भाषामा नेपाली कृतिको अनुवाद र विदेशमा भएका विभिन्न सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी नेपाली साहित्यको विश्वव्यापी प्रचारप्रसारमा समेत उहाँले महत्वपूर्ण योगदान दिनुभएको थियो। महाकवि देवकोटाले अङ्ग्रेजी साहित्यका फ्रान्सिस बेकन, चार्ल्स ल्यासजस्ता १५ जना गद्य लेखकका निबन्धको चयन गरी विसं १९९७ मा 'प्रसिद्ध प्रबन्ध सङ्ग्रह' प्रकाशित गर्नुभयो।

विसं २०१६ मा उहाँ शिक्षा तथा स्वायत्त शासनमन्त्री हुनुहुँदा नेपालभर नेपाली भाषालाई अनिवार्य विषयका रूपमा लागू गराउनुभएको थियो। हाल त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको जग्गा पनि उहाँकै शिक्षामन्त्रीत्वकालमा व्यवस्था गरिएको हो। वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापनामा सक्रिय योगदान दिनु देवकोटाको अविस्मरणीय देन मानिन्छ।

तीन महिनामा 'शाकुन्तल' महाकाव्य, दश दिनमै 'सुलोचना' महाकाव्य र एकै दिनमा 'कुञ्जिनी' खण्डकाव्य लेख्नुभएका देवकोटामा तुरुन्त कविता लेख्नसक्ने आशु कवित्वको क्षमता थियो। देवकोटाको कवि-प्रतिभा, कविताको गुणात्मक मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय छ।

चरम आर्थिक अभाव र पारिवारिक वियोगसँगै राजनीतिक सक्रियताका बीच पनि उच्चस्तरका साहित्य नेपाल र नेपालीलाई प्रदान गर्नु उहाँको साहित्यिक विशेषता हो। महाकवि देवकोटाले 'पागल' कवितालाई आफैँले अङ्ग्रेजीमा अनुवाद गर्नुभयो। उहाँले पाश्चात्य ग्रीसेली स्रोतबाट अनेकौँ गाथाको नेपालीकरण गर्नुभएको छ। विसं २०२४ मा प्रकाशित भएको 'मायावीनी' 'सुन्दरी प्रोजर्पिना' जस्ता खण्डकाव्य र 'प्रमिथस' महाकाव्य यसका उदाहरण हुन्। देवकोटाको एकमात्र उपन्यास 'चम्पा' हो।

# सिङगामा व्यावसायिक फूलखेती

पोखरापत्र संवाददाता
म्याग्दी, १७ कार्तिक

म्याग्दीका बेनी नगरपालिका-४ सिङ्गामा व्यावसायिक फूलखेती गरिएको छ। तिहार पर्व र जिल्लामा आयोजना हुने कार्यक्रमलाई लक्षित गरेर हरियाली ग्रुप प्रालिले व्यावसायिक फूल उत्पादन गरेको हो।

आँगेबगर र सिङ्गामा दुई/दुई रोपनी क्षेत्रफलमा फूलखेती गरिएको हरियाली ग्रुप प्रालिका सञ्चालक शेरबहादुर केसीले बताउनुभयो। बागलुङ, बेनी, कुश्माको बजार र सिङ्गा आसपासका क्षेत्रमा प्रतिकिलो रु तीन सयका दरले फूल बिक्री सुरु गरेका छन्। सिङ्गा र वरपरका ठाउँबाट तिहारका लागि फूलको अत्याधिक माग आएको सञ्चालक केसीले बताउनुभयो।

हरियालीले विगत तीन वर्षदेखि व्यावसायिक फूलखेती गर्दै आएको छ। यसअघिका वर्षमा उन्नत जातको सयपत्री फूलखेती गरेको थियो। यसवर्ष धेरै समय टिक्ने स्थानीय सयपत्री जातको बिरुवा लगाएका छन्। उत्पादन र बिक्री राम्रो भएको सञ्चालक केसीले बताउनुभयो।

अघिल्ला वर्षमा एकदेखि डेढलाख मूल्य बराबरको फूल बेचेको फार्मले यसपाली अझ बढी बिक्री हुने अनुमान गरेको छ। तिहारमा पूजाआजा र माला बनाउन फूलको प्रयोग हुन्छ। अन्य समय पूजाआजाका साथै सभा समारोह आयोजना गर्दा पनि अतिथिलाई स्वागत गर्न माला लगाईदिँदा फूल आवश्यक पर्छ।

बेनी बजार र आसपासका क्षेत्रमा घरायसी प्रयोजनका लागि लगाएको फूलको बोटबाट बढी उत्पादन भएमा मात्र फूल बेच्ने चलन छ। केही वर्षयता तिहारमा बजार वरपरका ग्रामीण क्षेत्रका किसानले फूल बेच्न आउन थालेका छन्।

# मुख्यमन्त्री पोखरेलद्वारा भेटेरेनरी अस्पतालको शिलान्यास

पोखरापत्र संवाददाता
तनहुँ, १७ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले भेटेरेनरी अस्पताल तथा पशुविज्ञ सेवा केन्द्रको शिलान्यास गर्नुभएको छ। प्रदेश सरकारका मन्त्रीत्रय मेखलाल श्रेष्ठ, डोवाटे विक र बिन्दु थापाको उपस्थितिमा मुख्यमन्त्री पोखरेलले मङ्गलबार सो अस्पतालको शिलान्यास गर्नुभएको हो। सो अवसरमा उहाँले भावी दिनमा पशु उपचारका क्षेत्रमा अस्पतालले नमूनाका रूपमा काम गर्ने विश्वास व्यक्त गर्नुभयो। भेटेरेनरी क्षेत्रमा आधुनिक सेवा प्रदान गर्ने उद्देश्यका साथ गण्डकी प्रदेश सरकारको सहयोगमा हाल पशु विज्ञ केन्द्र भएकै स्थानमा निर्माण हुन लागेको सो भेटेरेनरी अस्पतालमा दुई प्रयोगशाला र २३ कोठा निर्माण गरिने छ।

अस्पतालले पशुका लागि अत्यावश्यकीय शल्यक्रिया, थेरापी तथा आइसीयू र युएसजीसमेतका सेवा उपलब्ध गराउने छ। रु १० करोडको लागतमा मोडल भेटेरेनरी अस्पताल निर्माण हुन लागेको हो। उक्त अस्पताल तनहुँ र आसपासका जिल्लाको नमूना हुने केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले बताउनुभयो। उक्त भवनमा तालिम कक्ष, बैठक कक्ष र पुस्तकालयका अतिरिक्त आवाससमेत रहने छ।

# कोभिडले रोजगारी गुमाएका परिवारलाई राहतस्वरुप दश हजार दिइने

–समुन्द्रा घिमिरे
काठमाडौं, १७ कार्तिक

सरकारले कोभिड-१९ का कारण रोजगारी गुमाएका परिवारलाई राहतस्वरुप रु दश हजार बाड्ने कार्यविधि तयार पारेको छ।

कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि-२०७८ गत कात्तिक पहिलो साता बसेको मन्त्रिरिषद्को बैठकले स्वीकृति गरेको थियो। सो स्वीकृत कार्यविधिलाई अर्थ मन्त्रालयले कात्तिक १५ गते राजपत्रमा सूचना प्रकाशन गरेपछि कार्यान्वयनको बाटो खुलेको छ।

अर्थमन्त्री जनार्दन शर्माले चालू आर्थिक वर्षको बजेटको प्रतिस्थापन विधयेकमार्फत कोभिड-१९ का कारण रोजगारी गुमाएका परिवारले राहतस्वरुप रु दश हजार बाड्ने कार्यक्रम ल्याउनुभएको थियो।

"कोभिड-१९ को प्रभावबाट रोजगारी र आयआर्जन गुमाएका अनौपचारिक एवं असङ्गठित क्षेत्रमा रहेका अति विपन्न गरिब पाँच लाख परिवारलाई राहतस्वरुप एक पटकका लागि प्रतिघर परिवार रु दश हजारका दरले निश्चित मापदण्डका आधारमा नगद अनुदान प्रदान गर्ने प्रबन्ध गरिएको छ", बजेटमा उल्लेख गरिएको थियो। राजपत्रमा प्रकाशित सूचना अनुसार विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठीत क्षेत्रका मजदुर वा कामदारले राहत पाउनेछन्। यस्तै, खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो डोको आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी, दैनिक ज्याला-मजदूरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्सा चालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर र पर्यटकलाई पनि सो राहत रकम उपलब्ध गराइनेछ।

कोभिड-१९ सङ्क्रमणको कारणबाट एक घरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवारले समेत राहत पाउनेछन्। यसैगरी, सरकारले एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिरहेका परिवारलाई राहत वितरण गर्ने छैनन्।

परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (ज्येष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको, प्रधानमन्त्री रोजगार कार्यक्रम वा केन्द्र, प्रदेश वा स्थानीय सरकारको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतका रूपमा नगद प्राप्त गरेको परिवारले सो कार्यविधिमा सहभागी हुन पाउनेछैनन्।

सूचना अनुसार सो अनुदान रकम सरकारले नेपाल राष्ट्र बैकबाट अनुमति प्राप्त वाणिज्य बैंक, विकास बैंक वा वित्तीय संस्थाबाट पाउने व्यवस्था गरेको छ। जसमा राहतस्वरुप रु दश हजार दिने घरपरिवारका सदस्यको अनिवार्य बैंकमा खाता हुनुपर्नेछ। सरकारले राहत वितरणका लागि १५ दिनको समय दिएर सूचना निकाल्नेछ। सूचना आएपछि सम्बन्धित वडा कार्यालयमा परिवारले नगद प्राप्तिका लागि निवेदन दिन सक्नेछन्। निवेदनका साथमा नागरिकताको प्रतिलिपिसमेत आवश्यक पर्नेछ।

सरकारले ७५३ स्थानीय तहका पाँच लाख परिवारलाई रु दश हजारका दरले वितरण गर्न रु पाँच अर्ब बजेट विनियोजन गरिसकेको छ।

# राष्ट्र बैंकद्वारा जिएमई-पे को अनुमति खारेज

पोखरापत्र संवाददाता
पोखरा, १७ कार्तिक

नेपाल राष्ट्र बैंकले एक भुक्तानी सेवा प्रदायक कम्पनीको अनुमतिपत्र खारेज गरेको छ। बैंकको भुक्तानी प्रणाली विभागले मङ्गलबार एक सूचना जारी गर्दै जीएमई-पे प्राइभेट लिमिटेडको अनुमतिपत्र खारेज गरेको हो।

"यस बैंकबाट २०७७ को असोज २२ गते जिएमई-पे प्राइभेट लिमिटेड, लैनचौर काठमाडौँलाई भुक्तानी सेवा प्रदायकको कार्य गर्न अनुमतिपत्र प्रदान गरिएकामा भुक्तानी तथा फछ्र्यौट विनियमावली २०७७ को विनिमय ३५ को उपविनिमय १ को (क) को व्यवस्थाबमोजिम उक्त अनुमतिपत्र खारेज गरिएको हो", बैंकद्वारा जारी सूचनामा भनिएको छ। राष्ट्र बैंकका भुक्तानी सेवा विभागका कार्यकारी निर्देशक भुवन कँडेलका अनुसार सो वालेटले भुक्तानी तथा फछ्र्यौट विनियमावलीको व्यवस्था पालना नगरेकाले अनुमति खारेज गरिएको हो। "भुक्तानी तथा फछ्र्यौट विनियमावलीअनुसार भुक्तानी सेवा प्रदायक कम्पनीको अनुमति लिएको मितिले छ महिनाभित्र सेवा सञ्चालन गर्नुपर्ने व्यवस्था छ।

# अनुसन्धानका सारथी कुकुरको पूजा

पोखरापत्र संवाददाता
गण्डकी, १७ कार्तिक

यमपञ्चकको दोस्रो दिन आज अनुसन्धानको सारथी कुकुरको पूजा गरिएको छ।

गण्डकीप्रदेशप्रहरीकार्यालय पोखराका 'केनाइन' शाखामा रहेका कुकुरलाई पूजासहित मीठा परिकार खुवाइएको हो।

प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख नायब महानिरीक्षक दिवेश लोहनीसहितको उपस्थिति रहेको पूजा कार्यक्रममा अनुसन्धानमा प्रयोग हुने कुकुरको पूजा गरिएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विश्वकर्माले जानकारी दिनुभयो। कुकुर कुशल आज्ञापालक एवं रक्षकका साथै अपराधमा संलग्न व्यक्तिको पहिचान गर्ने र अध्ययन अनुसन्धानमा अहम् भूमिका निर्वाह गर्ने जनावर भएको कुकुर शाखा इञ्चार्ज प्रहरी नायब निरीक्षक विक्रमकुमार थापाले बताउनुभयो।


## शिक्षक आवश्यकता

वालिङ नगरपालिकाको कार्यालयको मिति २०७८/०७/१७ च.न. ८६७ को पत्रानुसार यस विद्यालयमा निम्न अनुसारको शिक्षक आवश्यकताभएकालेयोग्यताप्राप्तउमेदवारहरुबाटरितपूर्वकदरखास्तदिनुहुन सम्बन्धित सबैमा यो विज्ञापन प्रकाशित गरिएको छ।

**तपशिल**

**विज्ञापन नं. ०५-२०७८/०७९**

**पदः प्रशिक्षक** **तहः मा.वि.** **विषयः कृषि बाली विज्ञान**

**शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट वि.एस्सी.एजी वा सो सरह उत्तीर्ण गरेको**

**फारम भर्ने मिति : विज्ञापन भएको मितिबाट १५ दिन भित्र**

**दरखास्त दस्तुर : रु.१००० ।– (एक हजार मात्र)**

**तलब स्केलः नेपाल सरकारको नियम अनुसार**

**परीक्षाको किसिम : शिक्षक सेवा आयोगको नियम अनुसार**

**सम्पर्क मिति : २०७८/०८/०१**

**परीक्षा हुने मितिः सम्पर्क मितिमा तोकिने छ**

**पेश गर्नुपर्ने कागजातहरुः नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि**

**नोटः अनुभवी वा माथिल्लो योग्यता भएका उमेद्वारलाई विशेष ग्राह्यता दिइने छ।**

**श्री पूर्णामृत भवानी माध्यमिक विद्यालय**
**वालिङ- १०, फूलबारी, स्याङ्जा**
**फोन नं. ०६३-४१२०२१**


# अपराध अनुसन्धानमा उत्कृष्टकार्य गर्ने कुकुर पुरस्कृत

रासस
काठमाडौं, १७ कार्तिक

नेपाल प्रहरीले अपराध अनुसन्धान तथा खोज कार्यमा उत्कृष्ट कार्य गर्ने कुकुरलाई पुरस्कृत गरेको छ। यमपञ्चकको दोस्रो दिन अर्थात् कुकुर तिहारका अवसरमा नेपाल प्रहरीको केनाइन महाशाखा महाराजगञ्जमा आज आयोजित कार्यक्रममा महाशाखाकी प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) डा देउती गुरुङले कुकुर पुजा एवं पुरस्कृत गर्नुभएको हो।

यस वर्ष अपराध अनुसन्धान तथा खोज कार्यमा उत्कृष्ट कार्य गर्ने कुकुर 'जम्बो', हाइजम्पतर्फ उत्कृष्ट हुने कुकुर 'रिया', रनिङतर्फ उत्कृष्ट हुने कुकुर 'कालु' लाई पुरस्कृत गरिएको छ। सोही अवसरमा यसवर्ष उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीलाई समेत एसएसपी गुरुङले पुरस्कार प्रदान गर्नुभयो। कार्यक्रममा महाशाखाका प्रहरी कर्मचारी र कुकुरले हातहतियार तथा विष्पोटक पदार्थको खोजी एवं पहिचान, हाइजम्प प्रतियोगिता, दौड प्रतियोगिता, आज्ञापालन तथा व्यक्तिगत सुरक्षा कला, बाधापार, रिमोट कन्ट्रोल कला र खोजी तथा उद्धारलगायत कार्यको प्रदर्शनी गरिएको थियो।

नेपाल प्रहरीको अनुसन्धान प्रक्रियालाई तथ्यपरक र परिणाममुखी बनाउने उद्देश्यले विगत लामो समयदेखि अपराध अनुसन्धान तथा खोजकार्यमा तालिम प्राप्त कुकुरको प्रयोग हुँदै आएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली

जन्म :
२००३/०८/०३ गते



स्वर्गारोहण :
२०७८/०७/०६ गते

**स्व. तारादेवी देवकोटा**

हाम्रा आत्मीय मित्र आनन्द देवकोटाकी ममतामयी माता **श्रीमती तारादेवी देवकोटा**को अकल्पनीय एवम् असामयीक दुखद् निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**MAS 2053 BATCH**

| | | | |
|---|---|---|---|
| ओमकार श्रेष्ठ | योगेश शर्मा | सतिन श्रेष्ठ | नितु श्रेष्ठ |
| रविन बन्जाडे | रीवाज प्रधान | रोशन गुरुङ | नीशा पन्त |
| राजु कुँवर | मनोज भण्डारी | चन्द्रमान गुरुङ | आस्था पराजुली |
| सविन प्रधान | अनुप शर्मा | सुजन थापा | सम्झना गुरुङ |
| पूतम कुमार श्रेष्ठ | राजेन्द्र सेन्चुरी | आशिक उदास | अनुपमा गुरुङ |
| सन्दिप भट्टचन | विष्णु गुरुङ | रविन पाण्डे | सजना तझ्या |
| अर्जुन भट्टचन | सरोज रेग्मी | अमित पोखरेल | निलु गुरुङ |
| तेज गुरुङ | विश्व गुरुङ | सोनी श्रेष्ठ | विनिता रन्जित |
| विनय पौडेल | मनोज गुरुङ | सुष्मा श्रीवास्तव | शशी गुरुङ |